# नेपाल संस्कृत विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालयको
# परीक्षा आवेदन प्रपत्र (फाराम)
# भर्ने सम्बन्धी सूचना

नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय बेलझुण्डी दाङद्वारा वि.सं. २०८१ सालमा सञ्चालन गरिने प्राक्शास्त्री परीक्षा नियमानुसार दिन पाउने परीक्षार्थीहरूले नियमानुसार परीक्षा आवेदन प्रपत्र (फाराम) भरी वि.सं. २०८१ भाद्र १९ गतेभित्र आ-आफ्नो विद्यापीठमा बुझाउन सम्बद्ध सबैको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ। परीक्षा आवेदन प्रपत्र (फाराम) परीक्षा नियन्त्रण कार्यालय दाङ, ने.सं.वि. अन्तर्गतका आङ्गिक र सम्बन्धनप्राप्त विद्यापीठहरूबाट प्राप्त गर्न सकिनेछ।

**१. परीक्षा शुल्क :**

| तह | नियमित | स्वतन्त्र | फाराम शुल्क | केन्द्र शुल्क |
|---|---|---|---|---|
| प्राक्शास्त्री | ७५०।- | ७५०।- | १५०।- | १५०।- |

**२. विलम्व शुल्क :**

परीक्षा आवेदन प्रपत्र (फाराम) बुझाउने म्याद भुक्तान भएको मितिले एक साताभित्र रु. ५००।- अतिरिक्त शुल्क जम्मा गरी आवेदन प्रपत्र (फाराम) बुझाउन सकिनेछ।

**३. परीक्षा शुल्क पठाउने सम्बन्धमा :**

परीक्षा शुल्क रा.वा.बैंक शाखा कार्यालय, तुलसीपुरमा रहेको यस कार्यालयको च.हि.नं. ४१६०१०००१९०५००१ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ।

**४. परीक्षा आवेदन प्रपत्र (फाराम) भर्दा/भराउँदा ध्यान दिनुपर्ने कुराहरू :**

(क) नियमित परीक्षार्थीहरूको हकमा हाजिरी प्रतिशत विद्यापीठले अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गर्नुपर्नेछ।

(ख) परीक्षार्थीहरूले आफूले प्राप्त गरेको पूर्वपरीक्षाका सबै प्रमाणपत्रहरू र लब्धाङ्कपत्रहरूका प्रमाणित प्रतिलिपि समेत परीक्षा आवेदन प्रपत्र (फाराम) सँगै पेस गरी पठाउनुपर्नेछ।

(ग) उपर्युक्त बमोजिम तोकिएको परीक्षा शुल्क नपठाएमा, नियमानुसार परीक्षा फाराम नभरिएमा वा समयभित्र प्राप्त हुन नआएमा त्यस्ता परीक्षा फाराम अस्वीकार्य हुनेछन्।

५. परीक्षा आवेदन फारामहरू विद्यापीठले राम्रोसँग रुजु गरी परीक्षार्थीहरूको विषयगत विवरण अङ्ग्रेजी वर्णानुक्रमअनुसार तयार पारी शुल्कसहित फाराम भर्ने अन्तिम मितिले ७ दिनभित्र परीक्षा नियन्त्रण कार्यालय बेलझुण्डी, दाङमा आइपुग्ने गरी पठाउनुपर्नेछ।

६. स्वतन्त्र परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) भरी सिधै परीक्षा नियन्त्रण कार्यालय, दाङमा पठाउनु पर्नेछ।

७. राम्रोसँग परीक्षा आवेदन फाराम नभरी विवरण फरक पर्न गएमा सम्बन्धित परीक्षार्थी वा विद्यापीठ नै जवाफदेही हुनेछन्।

दिनाङ्क : २०८१ साल श्रावण २२ गते,
बेलझुण्डी, दाङ।

............................
(प्रा.डा. बाबुराम आचार्य)
परीक्षा नियन्त्रक

*(नोट : कार्यालयमा गरिएको तालाबन्दीका कारण यस सूचनामा छाप नलगाई सूचना प्रकाशित गरिएको जानकारी गराइन्छ।)*